# प्रेस विज्ञप्ति

आज मिति २०७५/०६/१२ गते शुक्रवारका दिन माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको समुपस्थितिमा सबै मन्त्रालयका सचिवज्यूहरुसंग आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको द्वैमासिक प्रगति समीक्षा सम्पन्न भयो।

सो अवसरमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले चालु आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि तयार पारिएको कार्यान्वयन कार्ययोजना अनुरुप आर्थिक वर्षको प्रथम दुई महिनामा सबै मन्त्रालयहरुले हासिल गरेको उपलब्धिका सम्वन्धमा निर्देशन दिनु हुँदै समय आवद्द भएका तर उक्त समयभित्र सम्पादन हुन नसकेका कामहरुलाई आगामी महिना गर्ने कामहरु संगसंगै सम्पन्न गर्ने, नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सबै निकायले थप सक्रियता बढाउने, कार्य सम्पादनमा अन्तर मन्त्रालय समन्वयलाई अझ बढी प्रभावकारी बनाउने, अर्थ मन्त्रालयले अन्य मन्त्रालयहरुबाट उठान भई आएका विषयहरुमा सहयोग र सहजीकरणमा ध्यान दिने तथा तहगत सरकारबीचको सहकार्य र अन्तरक्रियालाई थप सुदृढ बनाई कार्यसम्पादन गरेमा बजेटले राखेका उद्वेश्य पुरा हुने विषयमा जोड दिनुभयो।

कार्यक्रममा विभिन्न मन्त्रालयका सचिवज्यूहरुले चालु आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना अनुरुप आ-आफ्नो मन्त्रालयले भदौ मसान्तसम्म हासिल भएका परिमाणात्मक उपलब्धिहरु, बजेट खर्चको अवस्था, बजेट कार्यान्वयनमा रहेका समस्या एवं आगामी रणनीतिको वारेमा प्रस्तुति गर्नु भयो ।

सो अवसरमा सचिव (राजस्व) श्री शिशिरकुमार ढुङ्गानाज्यूले अन्तर मन्त्रालय सहयोगमा वृद्दि गर्दै नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको गतिलाई अझ बढाउन, सूचना प्रविधिमा आधारित प्रतिवेदन प्रणालीलाई सुदृढ गर्दै व्यवहारमा अवलम्वन गर्न, योजना अनुगमन तथा मूल्याँकन महाशाखा र बजेट कार्यान्वयन महाशाखाबीच सूचना तथा प्रतिवेदन सम्बन्धी काममा अन्तर आवद्धता बढाउने गरी तयारी गर्नुपर्ने आवश्यकतामा जोड दिनु भएको थियो।

समीक्षा कार्यक्रमको शुरुवातमा अर्थ मन्त्रालय योजना, अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुख श्री चन्द्रकला पौडेलले चालु आर्थिक वर्ष २०७५/७६ को भदौ मसान्तसम्मको खर्चको तुलनात्मक विवरण, मन्त्रालयगत बजेट र खर्चको अवस्था, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको खर्च प्रगति, २०७५ भदौ मसान्तसम्मको सोधभर्नाको अवस्थाको विवरण प्रस्तुत गर्नु हुदै भदौ मसान्तसम्मको निम्नानुसारको खर्चको आँकडा पेश गर्नु भएको थियो।

### भदौ मसान्त सम्मको खर्चको अवस्था

| क्र.सं. | खर्च शिर्षक | २०७४/७५ भदौ मसान्तसम्मको खर्च रकम | २०७५/७६ भदौ मसान्तसम्मको खर्च रकम | २०७४/७५ भदौ मसान्तसम्मको खर्च प्रतिशत | २०७५/७६ भदौ मसान्तसम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | रु. ११९.१८ अर्व | रु. ९६.२५ अर्व | १५ | ११ |
| २ | पूँजीगत खर्च | रु. ४.२७ अर्व | रु. ५.८५ अर्व | १ | २ |
| ३ | वित्तीय व्यवस्था | रु. ०.८२ अर्व | रु. १.१८ अर्व | १ | १ |
| | जम्मा | रु. १२४.२७ अर्व | रु. १०३.२८अर्व | १०% | ८% |

मितिः २०७५/०६/१२

अर्थ मन्त्रालय, सिंहदरवार ।